

# अध्याय -६

## सुसमाचारको रहस्य

**यस अध्यायका मूल पदहरू: एफिसी ३; अय्यूब ११:५-९; इजिकिएल ४३:१३-१६; आमोस ७:७,८; प्रकाश ११:१,२।**



**यस अध्यायको मूल सार पदः "उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमेन।" एफिसी ३:२०-२१।**

पहिला नै औँल्याएको विषयबस्तुलाई पावलले एफिसी ३ सुरु गर्छन्: "सुसमाचारद्वारा नै अन्यजातिहरू सह-उत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्।" एफिसी ३:६। बर्तमान चर्चमा त्यो अवधारणा नौलो नहुन सक्छ किनभने चर्च प्राय अन्यजाति वा अयहूदीहरूको समूह हो। तर त्यसबेलाका पाठकहरूको निम्ति यो क्रान्तिकारी नौलो कुरो थियो।

पावलले आफ्नो प्रेरणादायी शब्दहरूलाई निरन्तता दिन्छ। यहूदीभन्दा बाहिरका जाति, अछुत कहलाइएका विदेशी गोरा र सबै वर्णका मानिसहरूलाई सुसमाचार सुनाउने मोहलाई पावलले येशूका चेला भएकोले व्यक्त गर्दछन्।

त्यही कार्यको निम्ति उनले ठूलो कष्ट र संघर्ष भोग्नु परेको हामीले नियाल्नेछौं। विदेशी तथा यहूदी जाति र धर्मभन्दा बाहिरका जातिहरूलाई येशूका प्रेमको कहानी सुनाउँदा उनलाई रोमी साम्राज्यले झ्यालखानमा हालेको थियो। त्यसको पनि चर्चा गर्नेछौं।

सुसमाचारको मुटुमा रहेको रहस्यप्रति आफ्नो प्रतिवद्धता जनाएको पनि हामी सुन्नेछौं। अन्य जातिहरू पनि यहूदी दाजुभाइ र दिदीबहिनीहरू सरह चर्चमा समावेश भएर बराबरीमा रहनु सुसमाचारको रहस्य हो। चर्च र यसको जगतव्यापी लक्ष्यप्रति उनी जोशिलो भएको पनि हामी अनुभव गर्नेछौं। उनले गरेको प्रार्थना हामी सुन्नेछौं, चर्चद्वारा उहाँको अनुग्रह व्यक्त गरेकोले उहाँको स्तुति प्रशंसा गरेको हामी हेर्नेछौं।

छोटकरीमा भन्ने हो भने, सुसमाचारप्रति पावलका मोहले हामी पनि उत्साहित भएकाछौं।

## १. पावलः अन्य जातिहरूलाई सुसमाचार सुनाउँदा झ्यालखानको सजायँ भोग्ने

**एफिसी ३ अध्याय पढ्नुहोस्। त्यसमा भएका एक वा दुई मूल विषयबस्तु ठम्याउनुहोस्। के मूख्य बिन्दुहरूलाई पावलले औंल्याउँछन्? हेर्नुहोस्, "१ यसैकारण म पावल, तिमी अन्यजातिहरूका पक्षमा ख्रीष्ट येशूको कैदी– २ तिमीहरूका निम्ति मलाई सुम्पिएको परमेश्वरका अनुग्रहको जिम्मेवारीको विषयमा तिमीहरूले पनि सुनेका छौ भन्ने मलाई लागेको छ। ३ जुनचाहिँ प्रकाशद्वारा मलाई थाहा गराइएको रहस्य हो। जसको विषयमा मैले तिमीहरूलाई अघिबाटै छोटकरीमा लेखेको पनि थिएँ। ४ जब तिमीहरू यो पढ्छौ, ख्रीष्टको रहस्यबारे मेरो आन्तरिक समझ के छ, सो तिमीहरू बुझ्न सक्छौ। ५ जुन कुरा उहाँका पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई पवित्र आत्माद्वारा अहिले प्रकट भएको छ, त्यो अरू पुस्ताका मानिसहरूलाई जनाइएको थिएन, ६ अर्थात् सुसमाचारद्वारा नै अन्यजातिहरू सह-उत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्। ७ उहाँका शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ। ८ सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो। ९ सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, १० ताकि यसरी मण्डलीद्वारा**

**परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। ११ योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। १२ उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं। १३ यसैकारण म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति मैले भोगिरहेको कष्टमा तिमीहरू हताश नहोओ। यी तिमीहरूका गौरव हुन्। १४ यसैकारण म पिताको सामने आफ्ना घुँड़ा टेक्तछु, १५ जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ। १६ म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, १७ र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, १८ सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।**

**२० उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, २१ उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमेन।"**

एफिसी ३को लेखनशैली घट्लाग्दो छ। पावलले यस अध्यायलाई यसरी सुरु गर्छन्, "यसैकारण म पावल, तिमी अन्यजातिहरूका पक्षमा ख्रीष्ट येशूका कैदी।" एफिसी ३:१। अनि अन्य जातिहरूलाई सुसमाचार सुनाउन प्रेरितको जिम्मा पाएका पावलले आफ्नो विवरण क्रमैसँग औंल्याउँछन् (एफिसी ३:२-१३)। त्यसपछि पावलले सुरुको बिचारतिर "त्यसैकारण" (एफिसी ३:१४) भनेर फर्किन्छन्। अनि पद १४-२१मा उनको प्रार्थनाद्वारा त्यो अध्याय टुङ्ग्याउँछन्।

आफू येशू ख्रीष्टका कैदी भनेर पावलले आफ्नो पहिचान एफिसी ३:१मा दिँदछन्। आफू रोमको साम्राज्यको बन्धक भएर बस्नुपरेतापनि उनको जीवनको जीवनमा परमेश्वरको गहिरो लक्ष्य छ। उनी रोमी साम्राज्यकोमात्र कैदी होइन "येशू ख्रीष्टकै केदी" रे! (एफिसी ४:१ पनि हेर्नुहोस्)।

आफू कष्टमा परेको (एफिसी ३:१३) र पछि सिक्रीमा बाँधिएको (एफिसी ६:२०) भनेर उल्लेख गर्दा उनी सुविधायुक्त घरेलु नजरबन्दमा थिएन भनेर देखाउँदछ (प्रेरित २८:१६) तर कालकोठरीमै थिए। प्रथम शताव्दीमा कैदी हुनु र रोमको कालकोठरीमा पर्न जानु जीवनको निम्ति चुनौतीपूर्ण थियो।

रोमी साम्राज्यको झ्यालखानाहरू व्यवस्थित ढँगले चलेको थिएन। त्यहाँ फोहर मैलाको व्यवस्थापन थिएन न त नियमित खानाको सुविधा।

अझ भनौं भने रोमी साम्राज्यमा झ्यालखानाहरूको आवश्यकता कमै थियो किनभने कसैलाई दण्ड दिनुथियो भने मारीहाल्थ्यो। तर मुद्दाको निम्ति पर्खिरहन वा मारिन हुकुमको निम्ति पर्खिरहन झ्यालखानमा कैदीहरूलाई हालिन्थ्यो। कैदीहरूले आफ्नो खाना आफैले उपलब्ध गराउनुपर्थ्यो। त्यसले गर्दा तिनीहरूलाई खाना उपलब्ध गराउन र अरू आवश्यकताहरू पूरा गर्न तिनीहरू आफन्त र साथीहरूसँग भर पर्नुपर्दथ्यो।

आफू झ्यालखानामा रहनुपरेकोले विश्वासीहरूलाई भावनात्मकरूपमा चोट परेको बारेमा पावलको चिन्ता थियो। त्यसबेलाको सामाजिक मान्य संस्कारको सामु झ्यालखानमा पर्नु भनेको ठूलो बेइज्जत भोग्नु थियो। सायद कसैले यो सोध्लान भनेर पनि पावल डराएको हुनुपर्छ, "पावल कसरी उच्च पारिनुभएको ख्रीष्टको सन्देशवाहक र प्रेरित हुन सक्छ यदि उनी सबैले छिःछिः दुःरदुःर गरेको निन्दनीय झ्यालखानामा कैदी भएर बस्नु परेको थियो भने?" त्यसकारण, उनले आफ्नो झ्यालखानाको परिस्थितिलाई उनले नयाँ संरचना दिँन्छन्। विश्वासीहरूलाई सहायता गर्न र हौशला दिन उनी कैदी हुनुपरेको परमेश्वरकै योजना थियो भनेर उनले बताउँछन्। उनी तिनीहरूको निम्ति कष्ट भोगेका थिए। उनको लज्जास्पद स्थितिको स्रोत नै तिनीहरूको गौरबको निम्ति हो रे (एफिसी ३:१३)।

**जुनसुकै कठिन परिस्थितिमा पनि परमेश्वरमाथि भरोसा राख्न र उहाँका मार्गहरूमा भर पर्न हामी कसरी सिक्ने?**

## २. लामो समयदेखि लुकिएको सुसमाचारको रहस्य

**पावललाई के रहस्य सुम्पिएकोछ? हेर्नुहोस्, "१ यसैकारण म पावल, तिमी अन्यजातिहरूका पक्षमा ख्रीष्ट येशूको कैदी– २ तिमीहरूका निम्ति मलाई सुम्पिएको परमेश्वरका अनुग्रहको जिम्मेवारीको विषयमा तिमीहरूले पनि सुनेका छौ भन्ने मलाई लागेको छ। ३ जुनचाहिँ प्रकाशद्वारा मलाई थाहा गराइएको रहस्य हो। जसको विषयमा मैले तिमीहरूलाई अघिबाटै छोटकरीमा लेखेको पनि थिएँ। ४ जब तिमीहरू यो पढ्छौ, ख्रीष्टको रहस्यबारे मेरो आन्तरिक समझ के छ, सो तिमीहरू बुझ्न सक्छौ। ५ जुन कुरा उहाँका पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई पवित्र आत्माद्वारा अहिले प्रकट भएको छ, त्यो अरू पुस्ताका मानिसहरूलाई जनाइएको थिएन, ६ अर्थात् सुसमाचारद्वारा नै अन्यजातिहरू सह-**

**उत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्।**

<u>एफिसी ३:१-६मा देहायका विषयबस्तुहरू पावलले उल्लेख गर्दछन्:</u>

पहिलो, एफिसीको पत्रको यो भागमा विशेष गरेर अन्य जाति विश्वासीहरूलाई लेखेका थिए। तिनीहरू घरेलु चर्चमा सङ्गति गरिररहेका थिए (एफिसी ३:१)।

दोस्रो, आफूलाई केही कुराको जिम्मा लगाइ दिएको थियो र त्यसलाई ग्रहण गरेको पावलले दावी गर्छन्। उनले उल्लेख गर्दछन्, "तिमी अन्यजातिहरूका निम्ति मलाई सुम्पिएको परमेश्वरको अनुग्रहको जिम्मेवारीको विषयमा तिमीहरूले पनि सुनेका छौ भन्ने मलाई लागेको छ।" एफिसी ३:२। यो जतन गर्न वा अनुग्रहको सेवाकार्य भन्नु नै अन्यजातिहरूलाई परमेश्वरको अनुग्रहको सुसमाचार सुनाउनु थियो।

तेस्रो, एउटा रहस्य पावललाई प्रकट गरिएको थियो भनेर पावलले दावी गर्दछन्। यो रहस्यको बारेमा पावलले पत्रमा अघिनै लेखिसकेका थिए (एफिसी १:९,१०; एफिसी २:११-२२)। त्यो "येशू ख्रीष्टको रहस्य" थियो (एफिसी ३:३,४)। सुससाचारको आविश्कार आफू भएको अरूहरूले अनुमान नगरोस् भन्ने पावलले चाहेका थिए। तर त्यो रहस्यको घोषणा गर्न परमेश्वरले नै उनलाई सुम्पिनुभएको थियो भनेर उनले दावी गर्दछन्।

चौथो, यो रहस्य आफूलाईमात्र प्रकट गरिएको थिएन भनेर पावलले स्वीकार्दछन्। उनले लेख्दछन्, "जुन कुरा उहाँका पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई पवित्र आत्माद्वारा अहिले प्रकट भएको छ, त्यो अरू पुस्ताका मानिसहरूलाई जनाइएको थिएन। एफिसी ३:५। यहाँ अगमवक्ताहरू भन्दा घरेलु चर्चहरूका भेलाहरूमा भविष्यवाणी बोल्ने बरदान पाएका इसाईहरूलाई सम्बोधन गरेको हुन्छ, पुरानो करारका अगमवक्ताहरूलाई होइन। एक फेरा लुकिएको वा लुकाइएको रहस्य अव सबैको निम्ति खुला गरिएको रहस्य भएको थियो।

अन्तमा आएर, उनले घोषणा गर्दछन्:"अर्थात् सुसमाचारद्वारा नै अन्यजातिहरू सह-उत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्।" (एफिसी ३:६)।

पावलले सुसमाचारप्रति आफ्नो अथाह मोह प्रकट गर्दछन्। दुवै यहूदी र अयहूदीहरू मिलेर चर्चमा एकसाथ परमेश्वरको आराधना गरेर सुसमाचारको

मर्म प्रकट गर्दा पावलल अत्यन्तै मर्माहत भएको थियो। ती दुई समूहहरू परमेश्वरको नयाँ समूदाय खडा गर्न निर्माण सामग्री हुन पुगेका थिए। यो मानवताको नयाँ चित्रण थियो। त्यो चित्रण चर्चले देखाएको छ (एफिसी २:१४-१६)। तिनीहरू एकआपसको वैमनश्यता हटाएर अब तिनीहरू सुसमाचारको प्रतिज्ञा अनुसार "सह-उत्तराधिकारीहरू", "एउटै शरीरका अङ्गहरू" र "ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार" भएका छन्। एफिसी ३:६।

**सुसमाचारको प्रतिरोधमा तपाईंसँग अरूहरूप्रति के पूर्वाग्रह छ जुन हटाउन आवश्यक छ र कसरी हटाउने?**

## ३. चर्चः परमेश्वरको ज्ञानबुद्धिलाई प्रकट गर्ने

**एफिस ३:७-१३मा परमेश्वरको बारेमा र परमेश्वरको क्रियाकलापको बारेमा पावलले के बताउँछन्? हेर्नुहोस्, "७ उहाँका शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ। ८ सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो। ९ सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, १० ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। ११ योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। १२ उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं। १३ यसैकारण म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति मैले भोगिरहेको कष्टमा तिमीहरू हताश नहोओ। यी तिमीहरूका गौरव हुन्।"**

परमेश्वरका अनुग्रहको बरदानले सेवक हुन पाएको हुँ भनेर पावलले दावी गर्दछन् (एफिसी ३:७, १,२)। यो उपहार सुसमाचार जस्तै हो। यो पाउने व्यक्ति योग्य भएकोले होइन तर परमेश्वरका अनुग्रहले उपलब्ध गराएको हो। आफू अयोग्य भएको र सन्तहरूभन्दा पनि निच भएको भनेर आफ्नो बारेमा भन्दै आफू योग्य भएकोले त्यो उपहार पाएको होइन भनेर पुष्टि गर्दछन् (एफिसी ३:८)।

पावलले आफूलाई कसरी बुझेका थिए भनेर उनले क्रमिकरूपमा बताएको घट्लाग्दो छ। जुन रूपमा उनले पत्रहरू लेखे र क्रममा लेखे त्यो

हामीले बुझ्नु असल छ। सुरुमा आफूलाई परमेश्वरले नै प्रेरित हुन छान्नुभएको थियो (गलाती १:१) दावी गरेर आफ्नो स्तरलाई उचालेका थिए। पछि उनले आफूलाई "प्रेरितहरूमध्ये म सबैभन्दा तुच्छ हुँ। म प्रेरित भनिन योग्य छैनँ। किनभने मैले परमेश्वरको मण्डलीलाई खेदो गरें" भनेर उल्लेख गर्दछन्। १ कोरिन्थी १५:९। एफिसी ३:८मा उनले आफूलाई सबै सन्तहरूको तुच्छ भएका देख्दछन्। अनि अन्तमा उनले आफूलाई "पापीहरूको मूख्य वा सरदार हुँ" भनेर आफ्नो बारेमा बताउँछन्। १ तिमोथी १:१५।

पावलका त्यो सोचलाई एलेन जी. ह्वाइटको यो प्रख्यात भनाइले बुझाउन सक्छ होलाः "जति नजिक तपाईं येशूको नजिक आउनुहुन्छ त्यति नजिक तपाईं आफ्नो आँखाको सामु तुच्छ वा कमजोर ठान्नुहुनेछ।; तपाईंको दिव्यदृष्टि सफा हुन्छ, तपाईं कतिको सिद्ध छैन भनेर उहाँको सिद्ध स्वभाव वा चरित्रको विपरित तपाईंले खुलारूपमा हेर्न सकिने हुन्छ।"-*स्टेप्स टु क्राइस्ट,* पृ. ६४।

अनि पावलले आफ्नो लेखलाई निरन्तरता दिन्छन्। एफिसी ३:१०मा उनले लेख्छन्, " ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्।" यहाँ उल्लेख गरिएका "स्वर्गीय स्थानहरूका शासकहरू र अख्तियारवालाहरू" को हुन्? परमेश्वरको बहुआयमिक वा बहुपक्षिय ज्ञानको बारेमा चर्चले ती सासक र अख्तियारवालाहरूलाई कसरी प्रकट गर्छन्? एफिसी ३:१०मा ती शक्तिहरू कस्ता छन् भनेर व्याख्या गरिरएको छैन। तर एफिसी ६:११,१२मा वर्णदन गरेको अनुसार ती दुष्टहरू हुन् भनेर बुझ्न सकिन्छ। यहूदी र अन्य जातिहरूलाई बिभाजन तत्वहरू सैतानको चलखेल थियो। चर्चले ती तत्वहरू पन्छाएर दुवै जाति मिलिजुली चलेकोबाट परमेश्वरको भविष्यको योजनालाई प्रकट गरिएको देखिन्छ, "समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।" एफिसी १:१०। यस संसारमा चर्चको अस्तित्वले यो प्रकट गरेको थियो, "परमेश्वरको योजना साकार हुँदैछ र ती अन्धकारका शक्तिहरूको विनाश निश्चित छ।" चर्चमा भएका एकताले नै सैतान र उसका मतियारहरूलाई अन्तमा हराइनेछ भन्ने प्रमाणित गरिरहेको हुन्छ।

**एफिसी ३:१०मा पावलको कामको बारेमा बताएको तपाईंको चर्चमा कतिको लागु भइरहेको छ? तपाईंको चर्चमा एकता ल्याउन तपाईं र**

विश्वासीहरूको भूमिका के छ जसले गर्दा दुष्टका शक्तिहरूसमझ मात्र होइन सबै मानिसहरूको सामु परमेश्वरका ज्ञानहरू प्रकट भइरहेको देखाउँदछ?

## ४. तपाईंको हृदयमा सजिनुभएका येशू ख्रीष्ट

पावलले आफ्नो प्रार्थनामा विश्वासीहरूको निम्ति अनुरोध व्यक्त गरेका थिए। यहाँ दुई प्रार्थनाहरू उल्लेख गरिएकाछन्। दुवै प्रार्थनामा गरिएका दुई अनुरोधहरू कसरी समान छन्? हेर्नुहोस्, "१५ प्रभु येशूप्रति रहेको तिमीहरूको विश्वास र सबै सन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा मैले सुनेको कारणले नै, १६ मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ। १७ म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्। १८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। १९ अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो।" एफिसी १:१५-१९ र "१४ यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, १५ जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ। १६ म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, १७ र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, १८ सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।" एफिसी ३:१४-१९।

एफिसी ३:१४,१५को अङ्ग्रेजी अनुवादमा महत्त्वपूर्ण शब्द खेलहरू छन्। जव पावलले, "यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ" लेख्छन् तब ग्रिक भाषाको पाटर pater पिता र पाट्रिया patria परिवारको बीचमा भएको एउटै शब्दलाई उल्लेख गर्दछन्। परमेश्वरको मुक्तिको योजनाको उल्लेखनीय स्वभावलाई पावलले एफिसीको पत्रमा हर्ष मनाउँछन्। त्यस योजनामा सबै थोक (एफिसी १:९,१०) सबै समयको निम्ति (एफिसी १:२१) समावेश

भएको छ।  यहाँ स्वर्ग र पृथ्वीका प्रत्येक परिवार पिताको हो भनेर उनले दावी गर्छन्। प्रत्येक परिवारले (पाट्रिया) आफ्नो नाउँ पिता (पाटर)बाट लिएको हुन्छ। यो धेरै असल खबर हो!

यो कुरामा ध्यान गर्नुहोस्ः तपाईंको परिवार कमीकमजोरी, सिद्ध नभएतापनि र कतिपय असफलता भोग्नु परेतापनि परमेश्वरको हो। तपाईंको परिवार कुनै निर्दयी  भाग्यको चपेतामा छैन तर परमेश्वरको प्यारो हातमा छ। सिद्ध र परिपक्व नभएको परिवारलाई परमेश्वरले माया गर्नुहुन्छ। किनभने तिनीहरूले उहाँको नाउँ बोकेको हुन्छ। तिनीहरू परमेश्वरको हो भन्ने छाप बोकेको हुन्छ।

एफिसी ३ः१६-१९मा परमेश्वरले विश्वासीहरूलाई प्रसस्त आत्मिक अनुभव प्रदान गरुन् भनेर पावलले प्रार्थना गर्छन्। त्यो अनुभव विश्वासीहरूमा पवित्र आत्माको उपस्थितिले भित्री बल पाएर प्राप्त गर्छन् (एफिसी ३ः१६)। येशूसँग घनिष्ठ सम्बन्ध राख्दा विश्वासीहरूका हृदयहरूमा उहाँ रहनुहुन्छ भनेर पनि चित्रण गरिएकोछ (एफिसी ३ः१७)। यस अनुभवमा विश्वासीहरू आत्मिक पहिचानमा सुरक्षित भएका हुन्छन् र तिनीहरू प्रेमको जगमा बाँचेका हुन्छन् (एफिसी ३ः१७)।

विश्वासीहरूलाई वृहतरूपमा आशिषहरू परमेश्वरले दिनुभएको परिवेशमा पावलले उहाँका आशिषहरूलाई ती मात्र होइन चार आयामहरू समावेश गर्दछन्, "चौडाइ, लम्बाइ, उच्चाइ र गहिऱ्याइ" (एफिसी ३ः१८)। तर ती आयामहरूको पहिचान पावलले स्पष्टरूपमा उल्लेख नगरेतापनि त्यसको बिशाल आकारले केही महत्त्वपूर्ण कुरोलाई वर्णन गरेको हुनुपर्दछ। बाइबलका विद्यार्थीहरूलाई यो धारणा घट्लाग्दो पहेली वा प्रश्नको रूपमा खडा भएको हुन्छ। के ती आयामहरू परमेश्वरको वुद्धिज्ञानको बारेमा भनेको ह त (अय्यूब ११ः५-९ जसमा पनि चार आयामहरू उल्लेख गरिएका छन्), परमेश्वरका शक्ति हो कि (एफिसी ३ः१६,१७), वा एफिसी २ः१९-२२मा उल्लेखित एफिसी विश्वासीहरूको आत्मिक मन्दिर (इजकिएल ४३ः१३-१६मा पनि चार आयामहरू प्रयोग गरिएको छ; साथै आमोस ७ः७,८; प्रकाश ११ः१,२)? तर जे भएतापनि ती चार आयामहरू ख्रीष्टका प्रेमको तिब्रता वा घनत्वलाई प्रयोग गरेको देखिन्छ (एफिसी ३ः१९)। किनभने "सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक" भनेको लगत्तै " ख्रीष्टको प्रेमलाई थाहा पाउन सक" भनेर उल्लेख गरिएको छ।  एफिसी ३ः१८,१९। (यस सन्दर्भमा रोमी ८ः३५-३९ पनि हेर्नु उचित देखिन्छ, "३५ कसले

हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन" रोमी ८:३५-३९)। पावलले जे शब्द शैलीहरू प्रयोग गरिएतापनि त्यो हाम्रो निम्त खुशीको खबर हो।

## ५. चर्चमा येशू ख्रीष्टमा महिमा

**पावलले स्तुतिगानबाट उनको प्रार्थना टुङ्गाउँछन्। यो स्तुतिगान वा स्तोत्र परमेश्वरको प्रशंसा व्यक्त गर्ने छोटो र कविताको शैली हो। उनले केको निम्ति परमेश्वरको प्रशंसा गर्दछन्? हेर्नुहोस्, "२० उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, २१ उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमेन।"**

विश्वासीहरूको निम्ति पावलले प्रार्थना लेखिरहेका थिए (एफिसी ३:१४-१९)। अब उनले सिधै र प्रभावकारीरूपमा प्रार्थना गर्दछन्। पावलले उल्लेख गरेको स्तोत्रले दुई प्रश्नहरू खडा गरेकाछन्:

१. के त्यस अंशमा चर्चलाई अनुचितरूपमा उच्च स्थानमा राखिएको छ? के चर्चलाई ख्रीष्टको बराबरीमा राखिएको छ, "मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमेन।" एफिसी ३:२१? एफिसीमा भएको चर्चप्रति पावलको गहिरो चासो त छ, चर्चको मुक्तिदाता येशू हुनुहुन्छ भन्ने कुरामा पक्कापक्की त छ र विश्वासीहरूको हृदयमा रहनुहुने येशू ख्रीष्ट नै हुनुहुन्छ (एफिसी ३:१७)। पावलको स्तोत्रमा ख्रीष्टद्वारा चर्चलाई परमेश्वरले मुक्ति उपलब्ध गराउनुभएकोले उहाँको प्रशंसा गर्दछन्।

२. "पुस्ता-पुस्तासम्म, सदासर्वदा" (एफिसी ३:२१) भन्ने वाक्यांशले के पृथ्वीमा रहेको चर्चको कहिल्यै अन्त्य नहुने भविष्यको बारेमा लेखिएको हो, जुन येशूको आगमन नहुञ्जेल सम्म? भावी भविष्यको बारेमा

एफिसीमा गहिरी चर्चा गरेको पाइन्छ। उदाहरणमा, एफिसी ४:३०मा लेखिएको छ, "उद्धारको दिन।" र, "आउने युगमा" (एफिसी १:२१) विश्वासीहरूले ख्रीष्टको असिमित र सार्वभौमसत्ता शक्तिको अनुभव गर्नेछन्। विश्वासीहरूको निम्ति कार्यान्वयन गरिएको ख्रीष्टको असिमित शक्तिको उत्सब मनाएको पावलको स्तोत्रमा पढ्नुपर्छ।

पावलको दोस्रो प्रार्थनामा (एफिसी ३:१४-२१; १:१५-२३सँग तुलना गर्नुहोस्) परमेश्वरको जगतव्यापी स्याहारमा भएको बल वा ताकत उनले महसुस गरेको पाइन्छ (एफिसी ३:१४,१५)। विश्वासीहरूको निम्ति परमेश्वरको शक्ति प्रदान गरिएको, तिनीहरूमाथि पवित्र आत्माको खनिन तयार भएको (एफिसी ३:१६) र ख्रीष्टको अतुलनीय र असिमित प्रेम (एफिसी ३:१८,१९) उपलब्ध भएकोमा आफूलाई बल मिलेको पावलले दावी गर्छन्। विश्वासीहरू "परमेश्वरको सारा पूर्णतामा भरिपूर भएको" (एफिसी ३:१९) पावलले कल्पना गर्छन्। सन्तहरूलाई परमेश्वरको शक्ति प्रसस्तमात्रामा दिएकोमा (एफिसी ३:२०,२१) नै आत्मिक वास्तविकताहरू भएकोले पावलले खुशियाली मनाउँछन्।

जब हामी समस्याहरूको चापमा पर्छौं, परीक्षा, शङ्का र सैतानको प्रलोभनमा हामी पर्छौं त्यसबेला पावलको जल्दोबल्दो प्रार्थनामा हामी फर्कनुपर्दछ। झ्यालखानाको काल कोठरीमा परिरहेको पावलले हामीमा हुनुपर्ने परमेश्वरका लक्ष्य र अनुग्रहहरूको बिशालताको दिव्यदर्शनलाई उचालिनुपर्दछ। अहिले हामी जुनसुकै परिस्थितिहरूमा भएपनि अहिले नै हामी परमेश्वरको आखिरी योजनामा भागिदार भइरहेका छौं (एफिसी १:९,१०) र उहाँको शक्तिले हामीमा काम गरिरहेको छ भनेर महसुस गर्नु जरुरी छ।

**तपाईंको निम्ति परमेश्वरका के आशिषहरू छन् जुन विशेप गरेर अमूल्यका छन्? तिनीहरूको निम्ति स्तुतिप्रार्थना रच्न प्रयास गर्नुहोस् ताकि तपाईंलाई आवश्यक परेको बेलामा परमेश्वरको प्रशंसा गर्न सकिन्छ।**

## उपसंहार

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित *द ग्रेट कन्त्रोभर्सीको* पृ. ४६१-४७८को "मोडर्न रिभाइभलस्।"

"एफिसी ३:१४-१९मा प्रस्तुत गरिएका पदहरूसँग हाम्रो बुच्चे आत्मिक अवस्थालाई कसरी तालमेल गर्ने जसमा ज्ञानको पूर्णता हामीमा हुन

सक्ने अवसरलाई वर्णन गर्दछ? परमेश्वरले हामीलाई कसरी हेर्नुहुन्छ होला, जब आत्मिक अनुग्रहमा बढ्न र सुधार गर्न हामीले प्रत्येक आत्मिक र अस्थायी अवसर पाएतापनि त्यतातिर ध्यान दिन असफल भइरहेका हुन्छौं? हामीलाई भुलाउन, धोखा दिन, वा हाम्रा निराश अनुभवबाटबाट उठाउन र आश्वासन दिन पावलले ती वचनहरू लेखेका होइनन्। हामी के हुनुसक्छौं र के हुनुपर्छ भनेर देखाउन पावलले ती वचनहरू लेखेका थिए ताकि हामी परमेश्वरको राज्यका हकदारहरू होऔं। यदि हाम्रा आत्मिक र वौद्धिक जीवन तथा अनुभव बाउन्ने वा मन्द छ भने हामी कसरी परमेश्वरसँग मिलेर काम गर्न सक्छौं र? येशूभावनामा भावित भएर कसरी चल्ने भन्ने ज्ञान हामीसँग छ। त्यसकारण, परमेश्वरको बारेमा गहिरो आत्मिक समझदारीहरू हामीले खोज्नुपर्दछ, जुन प्रभुले हामीमा भएको चाहनुहुन्छ।

"हामी येशूका भक्तहरू हौं भनेर दावी गर्छौं, तर यथार्थमा, के हामीले बाइबललाई साँच्चिकै विश्वास गर्छौं र? एफिसीका ती पदहरूमा हामीलाई प्रस्तुत गरेको परमेश्वरको ज्ञानमा हामी पुग्न सक्छौं भनेर के हामी साँच्चिक्कै विश्वास गर्छौं र? परमेश्वरको मुखारबाट निस्केको प्रत्येक शब्दमा के हामी विश्वास गर्छौं? अगमवक्ता, प्रेरित र सबै ज्योति र आशिषको स्रस्ता येशूबाट निस्केका शब्दहरू के हामी विश्वास गर्छौं र? उहाँमा नै सबै ज्ञानको ढुकुटी पूर्णरूपमा छ भनेर के हामीले साँच्चिक्कै विश्वास गर्छौं र? के हामीले परमेश्वर र उहाँको पुत्रलाई साँच्चिक्कै विश्वास गर्छौं र?- एलेन जी ह्वाइट, *द एडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड,* अक्टोबर १, १८८९ ।

**चिन्तनमननः**

अ. पावलले उल्लेख गरेको एफिसी ३:२०:२१को स्तोत्र वा परमेश्वरको प्रशंसा नयाँ करारमा देहायका पदहरूमा लेखिएको तुलना गर्नुहोस्, "आहा! परमेश्वरको वैभव र बुद्धि र ज्ञान कति गहिरो! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने! ३४ "किनभने प्रभुको मनलाई कसले जानेको छ? अथवा उहाँको सल्लाहकार को भएको छ?" ३५ "अथवा, कसले उहाँलाई कुनै उपहार दिएको छ र परमेश्वरले उसलाई फिर्ता दिनुपरोस्?" ३६ किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्। उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन।" रोमी ११:३३-३६; "२५ अब उहाँलाई, जसले तिमीहरूलाई

मेरो सुसमाचार र येशू ख्रीष्टका विषयको प्रचारअनुसार सुदृढ़ गराउन सक्नुहुन्छ, त्यस रहस्यको प्रकाशबमोजिम, जो युग-युगदेखि गुप्त रहेको थियो, २६ तर अब अनन्तका परमेश्वरको आज्ञाअनुसार अगमवक्ताहरूका लेखाइद्वारा प्रकट गरिएको र जनाइएको छ, यस हेतुले कि सबै जातिहरूले विश्वास गरून् र आज्ञापालन गरून्– २७ अद्वितीय सर्वज्ञानी परमेश्वरलाई येशू ख्रीष्टद्वारा सदासर्वदा महिमा होस्। आमेन।" रोमी १६:२५-२७; "१९ मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ। २० अब हामीहरूका परमेश्वर र पितालाई सदासर्वदा महिमा होस्। आमेन।" फिलिप्पी ४:१९-२०; "हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ। उहाँलाई अहिले र सदासर्वदा महिमा होस्। आमेन।" २ पत्रुस ३:१८; "२४ अब, जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ, २५ उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन।" यहूदा २४-२५।

माथिका ती पदहरूमा के विषयवस्तु वा धारणाहरू एक नाशले बुनिएका छन्? त्यहाँ व्यक्त गरिएका स्तुति र प्रशंसाको मनस्थितिलाई हाम्रो जीवनमा कसरी उतार्ने?

आ. पावलले ग्रीक शब्द pleroma प्लेरोमा वा पूर्णता एफिसीको पुस्तकमा चार पल्ट उल्लेख गरेका छन् (एफिसी १:१०,२३; ३:१९; ४:१३)। पावलको निम्ति त्यो धारणा किन महत्त्वपूर्ण थियो होला?

इ. एफिसी ३मा लेखिएको परमेश्वरका कामहरूप्रति पावलले स्तुति प्रशंसा गर्दछन्। तिनीहरू मध्ये तपाईंलाई कुन प्रेरणादायी छन्? किन?

ई. एफिसी १:३-२१मा पावलले सुरु गरिएको भाषामै एफिसीको पहिलो आधाभागमा पनि उल्लेख गर्दछन्। वर्तमान जीवनमा नै येशू ख्रीष्ट र पवित्र आत्माको शक्ति रहेकोले पावलले परमेश्वरको शक्तिको घोर प्रशंसा गर्दछन् (एफिसी ३:१६-२१)। माथि एलेन जी ह्वाइटले लेख्नुभएको अनुसार हाम्रो जीवनमा त्यो शक्ति अझ राम्रोसँग कसरी अनुभव गर्न सक्छौं?

## कथा ८

# बर्ताको निम्ति स्कुल, पोलाण्ड



जब पोलाण्डमा पहिलो सेभेन्थ-डे एडभेन्टिस्ट स्कुल खोले भनेर बर्ताले थाहा पाइन् उनी अत्यन्तै हर्षित भएकी थिइन्। उनी शिक्षिक हुन उच्च योग्य व्यक्ति थिइन्। उनी कामको खोजीमा थिइन्। बालिकाहरूलाई सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा पढाउन उनी धेरै इच्छुक भएकी थिइन्। तर त्यहाँ एउटा समस्या थियो। त्यो स्कुल पोलाण्डको राजधानी वारसमा स्थापना भएको थियो। क्राकोमा रहेको आफ्नो घरभन्दा धेरै टाढा थियो। दुःखित भएर उनले भनिन्, "त्यस स्कुलमा मैले पढाउन नपाउने रहेछ।" अनि अचानक उनको साथीले सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको बारेमा उनीसँग चर्चा गर्न थालिन्। "शायद तिमीले त्यस स्कूलमा सिकाउन निवेदन दिन सक्छौ होला," साथीले भनिन्। "यो त धेरै टाढा छ। मेरो लागि होइन," भनेर बर्ताले जवाफ दिइन्। तर आफ्नै सहर क्राकोमा काम पाउन उनको निम्ति व्यावाहारिक थियो। अनि फेरि अर्को साथीले एडभेन्टिस्ट स्कुलको बारेमा उनलाई बताइन्। "एडभेन्टिस्ट स्कुलको बारेमा मैले सुनें। शायद तिमीले त्यहाँ पढाउन निवेदन दिन सक्छौ," उनले बर्तालाई बताइन्।

दुवै साथीले सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलको बारेमा सुनाएपछि शायद त्यहाँ पढाउने परमेश्वरको इच्छा होला भनेर दिमागमा खेलाउन थालिन्। उनले प्रार्थना गरिन्, "हे प्रभु, म के गरुँ? के म क्राकोमै बस्ने कि त्यो स्कूलमा जाने?" बर्ताले दुई स्कूलहरूमा सिकाउन निवेदन दिएकी थिइन्। एउटा आफ्नै सहर क्राकोको सार्वजनिक स्कुलमा र वारसोको बाहिर रहेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा। उनले फेरि प्रार्थना गरिन्। "जुन स्कुलले मलाई जवाफ दियो त्यही स्कुलमा मा सिकाउन जानेछु। यो नै तपाईँको इच्छा हो भनेर म ठान्नेछु," बर्ताले निर्णय गरिन्। कुनचाहीँ स्कुलले उनलाई जवाफ दिने होला भनेर उनले सोचिन्। सार्जजनिक स्कूलले कि एडभेन्टिस्ट स्कूलले? तर एडभेन्टिस्ट स्कुलले पहिला जवाफ दियो, "हाम्रो स्कुलमा पढाउन तपाईँले इच्छा व्यक्त गर्नुभएकोले तपाईँलाई धन्यवाद छ। कामको निम्ति अन्तर्वार्ता गर्न आउनुहोस्।" अब उनी फेरि अर्को चिन्तामा परिन्। उनको १६ वर्षको

याकुब नाउँ गरेको छोरो थियो। उसका सबै साथीहरू क्राकोमा थिए। के आमासँग सर्न ऊ चाहन्छ त? आफ्नो छोराले आफूसँग टाढा जाऊन् भन्ने निर्णय बर्ताको निम्ति महत्त्वपूर्ण थियो। बर्ताले फेरि प्रार्थना गरिन्। आफ्ना आफन्तहरूसँगै क्राकोमा बस्ने कि आफूसँगै टाढा जाने र नयाँ स्कुलमा जाने सो निर्णय उसैलाई गर्न दिएको थियो।

"आमा, हामीसँगसँगै सरौं। म तपाईंसँगै हुन चाहन्छु।" याकूबले जवाफ दियो। बर्ता अचम्भित भइन् र खुशी पनि भइन्। उसको बोलीले परमेश्वरले अनुमोदन गरेको उनले महसुस गरिन्। दुई साथीहरूले एडभेन्टिस्ट स्कुलको बारेमा गरेको चर्चा र छोरोले आफूसँग आउने चाहनाले सार्वजनिक स्कुलमा भन्दा एडभेन्टिस्ट स्कुलमा काम गर्ने प्राथमिकता उनले पाएको महसुस गरिन्। उनलर् एडभेन्टिस्ट स्कूलमै काम पाइन्।

आज बर्ता सेभेन्थ-ड एडभेन्टिस्ट प्राथमिक स्कुलकी प्रिन्सिपल छिन्। यो स्कूल वार्सोमा भएको एडभेन्टिस्ट स्कुलको परिसरमा छ। परमेश्वरकै अगुवाइमा आफूले काम पाएकोमा आफू निर्धक्क छिन्। एक दिन आफूले उचित निर्णय गरेको उनको छोरोले बताएको थियो। क्राकोमा उसको धेरै एडभेन्टिस्ट साथीहरू थिएन र साथीहरू एडभेन्टिस्ट क्रियाकलापमा चासो राखेका थिएनन्। अब उसका धेरै एडभेन्टिस्ट साथीहरू छन् र चर्चमा सक्रिय पनि छ।

"आमा तपाईं यहाँ आउने निर्णय एकदम राम्रो थियो। हामी यहाँ भएकोले म खुशी छु," उसले बतायो।

अर्को कुनै बाटो आफूले नरोज्ने बर्ताले बताइन्। परमेश्वरले उनलाई यस स्कुलमा ल्याउनुभयो। "म यहाँ धेरै खुशी छु," बर्ताले बताइन्।